# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. चिंरजीबि नेपालद्वारा अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन



गभर्नर डा.चिंरजीबि नेपालले नेपाल राष्ट्र बैंक सिद्धार्थनगर कार्यालयद्वारा २०७२ मंसीर १९ गते पाल्पाको तानसेनमा आयोजित **"पाल्पा जिल्लाको वर्तमान आर्थिक स्थिति र सम्भावना"** सम्बन्धी अन्तरक्रिया कार्यक्रमलाई प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्नुभयो । यस क्रममा उहाँले २०७२ वैशाखको शक्तिशाली भूकम्प र सीमाक्षेत्रमा पारवहनमा भएको अवरोधले नेपालको आर्थिक अवस्था अत्यन्त कमजोर स्थितिमा छ भन्नु हुँदै आर्थिक वृद्धिदर ६ प्रतिशत र मुद्रास्फीति दर ८.५ प्रतिशत अनुमान गरिएकोमा यो अवस्था लम्बिन गएमा आर्थिक वृद्धिदर ऋणात्मक हुन सक्ने सम्भावना व्यक्त गर्दै मुद्रास्फीति दर एकल अङकमा राख्न कठिन हुने बताउनु भयो । अन्तर्राष्ट्रिय व्यापारतर्फ आयात निर्यात दुवैमा संकुचन आएको उल्लेख गर्दै उहाँले आयातमा आएको उच्चदरको संकुचन तथा विप्रेषण आप्रवाहमा भएको वृद्धिले चालू आर्थिक वर्षको तीन महिनामा चालु खाता ८६ अर्ब रुपैयाँले र शोधनान्तर स्थिति ६४ अर्ब रुपैयाँले बचतमा रहेको जानकारी दिनु भयो । यसको कारण २०७२ असोज मसान्तमा विदेशी विनिमय संचिति ८९२ अर्ब रुपैयाँ पुगेको, विप्रेषण आप्रवाह २४ प्रतिशतले बढी १६६ अर्ब रुपैयाँ पुगेका कारण शोधनान्तर बचतमा रहेको बताउनु भयो । औद्योगिक व्यवसाय प्राय बन्द हुनु, निर्यात घटनु र आयात समेत घटन गई राजश्व प्रभावित भएको अवस्थाको चर्चा गर्नु हुँदै उर्जा संकटको कारण नेपालीको दैनिक जीवन कष्टकर भएको समेत उहाँले बताउनु भयो ।

परनिर्भरता बढ्दै गएकोले समस्या बढेको बताउनु हुँदै गभर्नर डा. नेपालले वर्तमान संकट समाधानको लागि मध्यकालीन र दीर्घकालीन रणनीति बनाउनु पर्नेतर्फ जोड दिनुभयो । नेपाल भूपरिवेष्ठित देश भएकोले विकासको ढाँचा त्यसै बमोजिम निर्माण गर्नुपर्ने आवश्यकता औंल्याउदै गभर्नर डा.नेपालले नेपाली युवालाई स्वदेशमै रोजगारीको अवसर सृजना गर्न उद्यमशीलताको विकास गरी नेपाली युवालाई विदेश पलायन हुनबाट रोक्नु पर्नेतर्फ उहाँले जोड दिनुभयो । दिगो विकासको लागि नेपाली युवाको विदेश पलायन बाधक हुने उहाँको धारणा थियो । वर्तमान अवस्थाको चर्चा गर्दै गभर्नर डा.नेपालले राष्ट्र बलियो भएमा नै देशका नागरिकले शान्ति सुरक्षा आत्म सम्मान पाउने धारणा राख्नु भयो ।




पाल्पा जिल्लाको पहिचान बनाएको घरेलु उद्योग, कृषि, पर्यटन, शिक्षा स्वास्थ्य क्षेत्रको विकासको लागि सकारात्मक सोचका साथ अघि बढ्न गभर्नर डा. नेपालले सुझाव दिनु भयो । स्थानीय सरकारी कार्यालयका प्रमुखहरु, बैंक तथा वित्तीय संस्थाका प्रमुख, उद्योगी, व्यवसायी तथा पत्रकारहरुको सहभागिता रहेको सो कार्यक्रममा त्रिभुवन बहुमुखी क्याम्पसका सह प्राध्यापक श्री शम्भुरत्न मुनन्कमीले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । अन्त्यमा नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालयका निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले समापन मन्तव्य र धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

**२०७२ मंसीर २०, आइतबार**

**गभर्नरको कार्यालय**